नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

पत्र संख्या :- ०८१।८२
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २९६

सिंहदरबार
काठमाडौं, नेपाल

मितिः २०८३।०३।२६
ने.सं.११४६ तछलागा, एकादशी

विषयः बालबालिकाको राष्ट्रिय परिचय नम्बर (NIN) सम्बन्धमा।

श्री नेपाल राष्ट्र बैंक,
(बैंक तथा वित्तीय संस्था नियमन विभाग)
बालुवाटार, काठमाडौं।

प्रस्तुत सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/०२/२४ को निर्णय र मिति २०८१/०३/१० को नेपाल राजपत्रको सूचना अनुसार बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष र घरजग्गा किनबेच सम्बन्धी सेवामा मिति २०८१/१०/०१ देखि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको व्यहोरा विदितै छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ४ को उपदफा (२) मा नागरिकता प्राप्त गर्ने उमेर पुरा नभएको नेपाली नागरिकले तोकिए बमोजिमको नाबालक राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सक्नेछ र ऐ.नियमावली, २०७७ को नियम ११ मा नाबालक राष्ट्रिय परिचयपत्र सम्बन्धी व्यवस्था रहेको भए तापनि सो व्यवस्था हाल कार्यान्वयनमा नरहेको।

यस विभागको मिति २०८०/११/२७ को निर्णयानुसार नेपाली नागरिकका सोह्र बर्षभन्दा कम उमेरका सन्तानको जन्मदर्ता गर्दाको बखत राष्ट्रिय परिचय नम्बर सहितको जन्मदर्ता प्रमाणपत्र जारी गर्न शुरू गरिएको भए तापनि सबै बालबालिकाले राष्ट्रिय परिचय नम्बर प्राप्त नगरेको अवस्था विद्यमान छ। बैंक तथा वित्तीय संस्थाहरूले माथि उल्लिखित सेवाहरू तथा शेयर कारोबारका सन्दर्भमा बालबालिकाको राष्ट्रिय परिचय नम्बर अनिवार्य माग गरेको भनि यस विभागमा गुनासो प्राप्त भएकोले सो सम्बन्धमा तहाँ बैंक मार्फत सबै बैंक तथा वित्तीय संस्थाहरूमा आवश्यक सहजिकरण गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

(मनि कुमार तामाङ्ग)
शाखा अधिकृत

बोधार्थः
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np